# खडक नगरपालिका

फोन नं. : ०३१-५४००५४

## नगर कार्यपालिकाको कार्यालय

कल्याणपुर, सप्तरी


पत्र संख्याः २०८२/०८३

च.नं. १०८१

मिति २०८२/१२/०९

सुचना । सुचना ।। सुचना ।।

**विषयः बालबालिकाहरुलाई काममा लगाईएको विवरण सहित सुचि दर्ता गराउनुहुन सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा यस नगरपालिकालाई यस आ.ब. २०८२/०८३ भित्र बालश्रम मुक्त र बालमैत्री स्थानीय शासन नगरपालिका घोषणा गर्ने योजना रहेकोले सो कार्यकोलागि जोखिममा रहेका बालबालिकाहरुको तथ्याङ्क संकलन अन्तरगत आमाबुवा तथा संरक्षक नभएका र आयश्रोत न्युन भएका घरपरिवारको बालबालिकाहरुलाई अपनत्व ग्रहणगरी राखिएको बालबालिका तथा परिवार संख्या सुनिश्चित गर्नुपर्ने भएको हुदाँ यो सुचना प्रकाशन भएको मिति पन्ध्र (१५) दिन भित्र तपिसल बमोजिमका कागजात सहित यस नगरपालिकाको महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा कल्याणपुरमा तोकिएको ढाँचामा निवेदन पेश गरी सुचिकृत गराउनुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । सो अवधि भित्र सुचिकृत तथा सम्झौता नगराई बालबालिकाहरुको अपनत्व ग्रहण गरेको फेला परेमा वा बालश्रमको रुपमा घरमा तथा ब्यवसायमा प्रयोग गरेको पाईएमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम कारवाही भईजाने ब्यहोरा सम्बन्धित सबैमा सुचित गरिन्छ ।

धन्यवाद।

**पेश गर्नु पर्ने आवश्यक कागजातहरु**

१) अनुसुची (१) बमोजिमको निवेदन पत्र -१प्रति।
२) निवेदकको पुर्ण परिचय खुल्ने नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी -१ प्रति।
३) अपनत्व ग्रहण गरेका बालबालिकाको फोटो -२ प्रति।
४) अपनत्व ग्रहण गरेका बालबालिकाको परिचय खुल्ने कागजातहरु -१/१ प्रति।
५) अपनत्व ग्रहण गरेका बालबालिकाहरुको अभिभावक/संरक्षकको सहमति पत्रमा हस्ताक्षर/ सहित छाप समेत ।
६) अनुसुची (२) बमोजिमको तोकिएको फाराममा दिएको विवरण बमोजिम सुचना उल्लेख गर्ने ।
७) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र -१ प्रति ।

**बोद्धार्थः**

श्री गृह मन्त्रालय सिंहदरबार काठमाडौं (नेपाल सरकार)
श्री महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय सिंहदरबार, काठमाडौं ।
श्री जिल्ला प्रशासनको कार्यालय राजबिराज, सप्तरी ।
श्री जिल्ला प्रहरीको कार्यालय राजबिराज, सप्तरी ।
श्री ईलाका प्रहरी कार्यालय कल्याणपुर, सप्तरी ।
श्री वडा कार्यालय (सवै) खडक नगरपालिका कल्याणपुर सप्तरी ।

प्रमुख प्रशासकीय अधिकृत
खडक नगरपालिका
हरेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

खडक नगरपालिका

<u>अनुसुचि (१)</u>

श्री शाखा प्रमुखज्यु
महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा
खडक नगरपालिका, कल्याणपुर (सप्तरी)

**विषयः काम गर्ने बालबालिकाको सुचिकृत गरिपाउँ सम्बन्धमा ।**

महोदय्

उपर्युक्त सम्बन्धमा यस खडक नगरपालिका कल्याणपुर, सप्तरी द्वारा मितिः................../........../...... गतेको प्रकाशित सुचना बमोजिम बालबालिकाहरुलाई अपनत्व ग्रहण गरेको र काममा लगाईएको विवरण सहित सुचिकृत गराउने बारे जानकारी अवगत भई ............ सप्तरी ........................... नगरपालिका वडा नं.- ..... बस्ने म .................................................. ले आफनो घर/ संघ / संस्था, पसल, फर्म, होटल, उद्योग, कल-कारखाना, ब्यवसायी, कम्पनी, यातायात ब्यवसायमा ................ जिल्ला........................... नगरपालिका वडा नं.- .......बस्ने श्री ................................................. को छोरा/छोरी अं. बर्ष ........ को/कि ............................................. लाई विगत ........ बर्ष देखि .............. मासिक / बार्षिक रु. .................................. ज्याला/ खाजा, खाना, पोषाक सुविधा दिएर **दैनिक / मासिक / पुर्णकालिन** (रातदिन) काममा लगाएको वा अभिभावक/ संरक्षक विहिन रहेकोले अपनत्व ग्रहण गरी राखेकोले यसै निवेदन पत्र साथ तोकिएको आवश्यक कागजातहरु श्रीमान् समक्ष पेश गरी अपनत्व ग्रहण/ काम गर्ने बालबालिकाको विवरण सहित सुचिकृत गरिदिनुहुन बिनम्र निवेदन गर्दछु ।

मैले अपनत्व ग्रहण / काममा लगाईएका बालक/बालिकालाई काममा लगाईए/ घरमा राखिएको बखत कुनै पनि किसिमको शारिरिक वा मानसिक जोखिम भएमा कानुन बमोजिम म पुर्ण जिम्मेवार हुने ब्यवहोरा सहित सहि/छाप गरी निवेदन पेश गरेको छु ।

धन्यवाद ।

**निवेदन साथ संलग्न गरिएको कागजातहरु :**

१) अनुसुची (१) बमोजिमको निवेदन पत्र -१प्रति।
२) निवेदक *(ब्यक्ति भए)* को पुर्ण परिचय खुल्ने नेपाली नागरिकताको प्रतिलिपी -१ प्रति।
३) निवेदक *(ब्यवसायी भए)* को पुर्ण परिचय खुल्ने नेपाली नागरिकताको प्रतिलिपी र फर्मको आधिकारिक कागजातहरु- १/१ प्रति।
४) काममा लगाईएको बालबालिकाको फोटो -२ प्रति।
५) काममा लगाईएको बालबालिकाको परिचय खुल्ने कागजातहरु -१/१ प्रति।
६) काममा लगाईएको बालबालिकाहरुको अभिभावकको सहमति पत्रमा हस्ताक्षर/ सहित छाप समेत।
७) अनुसुची (२) बमोजिमको तोकिएको फाराममा दिएको विवरण बमोजिम सुचना उल्लेखित फाराम।

<u>निवेदकः</u>

| निवेदकको सहि/छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

सहि :..........................................
नाम :..........................................
ठेगाना :..........................................
फर्म वा ब्यवसायको नाम :..........................................
संचालन भएको ठेगाना :..........................................
फर्म संचालकको नाम :..........................................
मोवाईल नम्वर :..........................................

खडक नगरपालिका

अनुसूची (२)

## काम गर्ने बालबालिका र कामममा लगाउनेको विवरण फाराम-२०८२

*(यो फाराममा बालबालिकालाई कामममा लगाउनेहरुले तल फाराममा उल्लेख भए बमोजिमको विवरणहरु उल्लेख गर्नुहोस ।)*

### विवरण

| कामममा लगाउनेको ब्यक्तिगत विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| कामममा लगाउनेको नाम/थर | ........................<br>........................ | सम्पर्क मोवाईल नम्वर | .................. | *कामदार बालबालिकाको अटो साईजको फोटो* | | |
| ठेगाना | | कामममा लगाउनेको पेशा | | | | |
| काम गर्नेको नाम | | ठेगाना | | **काम गरेको अवधि**<br>........ बर्ष ......... महिना | | |
| काम गर्नेको लिङ्ग | | काम गर्नेको उमेर | | काम गर्ने बालबालिका विद्यालय भर्ना भएको छ/छैन | छ | छैन |
| काम गर्नेको अभिभावकको नाम | | नाता | | काम गर्ने बालबालिका विद्यालय नियमित गएको छ छैन । | छ | छैन |
| काम गर्नेको अभिभावकको मोवाईल नम्वर | | काम गर्नेको अभिभावकको सहि/छाप | **दायाँ** | | **बायाँ** | |

| कामको विवरण | कामको प्रकृतिको विवरण खुलाउनुहोस् । | काम गर्नेको समय (घन्टा) | सुरक्षित रहेको (X) | सुरक्षित नरहेको (√) |
|---|---|---|---|---|
| घरको काम | | | | |
| पसल/होटल | | | | |
| उद्योग/निर्माण | | | | |
| कल-कारखाना | | | | |
| सबारी साधन | | | | |
| अन्य काम | | | | |

| निवेदकको सहि/छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

निवेदक:

सहि :.........................................

नाम :.........................................

ठेगाना :.........................................

फर्म वा ब्यवसायको नाम :.........................................

संचालन भएको ठेगाना :.........................................

फर्म संचालकको नाम :.........................................

मोवाईल नम्वर :.........................................